## पाठ ७

# तपाईंलाई सन्देशको आवश्यकता छ

हरेक वर्ष मानिसहरूले आफ्ना बगैंचामा रोप्नका लागि विशेष किसिमका बीउहरू छान्छन्। यदि तिनीहरू सिमी फलाउन चाहन्छन् भने, तिनीहरूले सिमीका बीउहरू रोप्छन्। तर प्रायःजसो किसानहरूले बीउलाई रोप्नुभन्दा पनि अझ धेरै कामहरू गर्छन्। तिनीहरूले खेत वा बारीलाई कोदालोले खनेर वा हलोले जोतेर तयार पार्छन्। तब बीउलाई रोप्नुभन्दा पहिले तिनीहरूले ड्याङहरू बनाउँछन्।

सिकाउनका लागि तयारी गर्नु पनि त्यस्तै हो। ठीक सन्देशलाई छानिन्छ र यसलाई पाठको रूपमा तयार पारिन्छ। कक्षाको समयमा शिक्षकले परमेश्वरको वचनको बीउलाई विद्यार्थीहरूका हृदयमा रोप्छन्।

एउटै कारणको निम्ति भएको शिक्षणमा यी सबै कामहरूको लगानी गरिन्छ। त्योचाहिँ विद्यार्थीले येशू ख्रीष्टमा पूर्ण जीवन



प्राप्त गरेको देख्नु हो। फसलको समयमा आफ्नो खेतबारीमा गई सिमीलाई टिप्न पाउँदा किसानलाई अति नै खुशी लाग्नेछ। तिनीहरूका निम्ति भएको परमेश्वरको योजनाअनुसार जिउनका लागि आफूले सिकाएअनुसार तिनीहरूले जिएको देख्न पाउँदा शिक्षकलाई अति नै आनन्द लाग्नेछ।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

वचनको सन्देश
तपाईंको जीवनबाटको सन्देश
सिकारुको निम्ति सन्देश

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- आफ्नो सन्देशको बारेमा शिक्षकका भावनाहरूको महत्त्वलाई बुझ्न।
- सिकारुको जीवनमा परिवर्तन ल्याउनका लागि शिक्षकको सन्देशलाई उत्तम प्रकारले कसरी सिकाउन सकिन्छ सो वर्णन गर्न

- तपाईंका विद्यार्थीहरूका लागि उदाहरण हुने जीवन जिउनुपर्ने आवश्यकतालाई बुझ्न।

---

**वचनको सन्देश**

---

उद्देश्य १: *सन्देश महत्त्वपूर्ण छ भनी किन शिक्षकले महसूस गर्नैपर्छ व्याख्या गर्नुहोस्।*

सिकाउनका लागि परमेश्वरले संसारमा हामीलाई सबैभन्दा महत्त्वपूर्ण सन्देश दिनुभएको छ। *सन्देशचाहिँ* "एक व्यक्तिबाट अर्कोमा पठाइएका शब्दहरू" हो। यस महत्त्वपूर्ण सन्देशलाई परमेश्वरले नै पठाउनुभएको हो, तर हामीले चिनेकाहरूकहाँ उहाँको निम्ति हामीले यसलाई प्राप्त गरी लैजानुपर्छ।

यो सन्देशचाहिँ सुसमाचार अर्थात् परमेश्वरको वचनको सन्देश हो। यस बारेमा हामीले जस्तो अनुभव गर्छौं, उहाँको बारेमा हामीबाट अरूहरूले सिक्नका लागि यसले सहयोग पुऱ्याउन सक्छ। के तपाईं आफ्नो बाइबल पढ्न रुचाउनुहुन्छ? भजनसंग्रहका लेखकले भनेका छन्ः

> आहा! तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु! दिनभरि म तिनैमाथि मनन गर्दछु (भजनसंग्रह ११९ः९७)।

यस सन्देशलाई सिकाउनका लागि हामीले अध्ययन गर्दा हामीले प्रार्थना गर्नु आवश्यक छ। यसले पवित्र आत्माको शिक्षणको लागि हाम्रा हृदयहरू र मनहरूलाई खोलिदिन्छ। परमेश्वरको वचनलाई पढ्नुहोस् र अध्ययन गर्नुहोस् र तपाईंले बिन्ती गर्नुभयो भने पवित्र आत्माले तपाईंलाई अर्थ पनि खोलिदिनुहुनेछ। भजनसंग्रहका लेखकले प्रार्थना गरेका छन्ः

> मेरो आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ (भजनसंग्रह ११६:१८)।

हामीले अरूहरूकहाँ लिएर जाने सन्देशलाई अध्ययन गर्दा हामी यसलाई हाम्रो प्रार्थना बनाऔं।

कोरिन्थमा भएको मण्डलीलाई आफूले लेख्दा पावलले यस सन्देशको बारेमा कुराकानी गरेका छन्। उनले भनेः

> स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ (२ कोरिन्थी ५:१९)।

पावलको सन्देश के थियो भनी पत्ता लगाउनका लागि उनले कोरिन्थीहरूलाई लेखेका पहिलो पत्रमा उनले के भनेका थिए अब हामी विचार गरौं,

> भाइ हो, म तिमीहरूकहाँ आउँदा, ठूला-ठूला कुराहरू र बुद्धिमा परमेश्वरको गवाहीको घोषणा गर्दै आइनँ। किनकि तिमीहरूसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ (१ कोरिन्थी २:१-२)।

मानिसहरूले येशूलाई चिन्नु आवश्यक छ। तिनीहरूले उहाँको क्षमा प्राप्त गर्नु आवश्यक छ। क्रूसमा भएको उहाँको मृत्युको कारणले मात्र यो हुन सकेको हो। येशू ख्रीष्टले मात्र हाम्रो पापको क्षमा दिन सक्नुहुन्छ र हाम्रो ख्रीष्टियान जीवनमा वृद्धि हुनका लागि उहाँले मात्र हामीलाई सहायता गर्न सक्नुहुन्छ।

## तपाईंको अभ्यासको निम्ति

२ तिमोथी २:१४-१६ पढ्नुहोस्। तलका वाक्यहरूलाई पूरा गर्ने बयानहरूका अगाडिका अक्षरमा घेरा लगाउनुहोस्।

**१** पंरमेश्वरको सन्देश सिकाउने व्यक्तिले

**क.** आफूलाई कति धेरै थाहा छ भनी देखाउनका लागि पाठहरूलाई प्रस्तुत गर्छ।

**ख.** उसको आफ्नै सन्देश प्रस्तुत गर्छ।

**ग.** पुनरुत्थानको बारेको सत्यता प्रस्तुत गर्छ।

**२** एक शिक्षकले परमेश्वरलाई खुशी तुल्याउँछ जब

**क.** उसले भन्छ कि हाम्रो पुनरुत्थान भइसक्यो।

**ख.** उसले मानिसहरूलाई परमेश्वरको सत्यतामा ल्याउँछ।

**ग.** ऊ नयाँ जीवनको सन्देश प्रस्तुत गर्नका लागि असफल हुन्छ।

**३** हाम्रो शिक्षण सेवामा हामीले दिनुपर्ने सन्देशचाहिँ के हो?

**क.** परमेश्वरले सबै पापहरूलाई क्षमा दिनुहुन्न।

**ख.** हामीले किन सिकाउनुपर्छ।

**ग.** मानिसहरूले कसरी येशूमा नयाँ जीवन प्राप्त गर्न सक्छन्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

२ तिमोथी २:१४-१६-मा भएका पदहरूले हाम्रो शिक्षणमा कड़ा परिश्रम गर्नु कति महत्त्वपूर्ण छ भन्ने कुरा हामीलाई देखाउँछन्। यदि हामी हाम्रो शिक्षणमा परमेश्वरको आशिष्

चाहन्छौं भने, उहाँको सत्यतालाई हामीले होशियारीसाथ सिकाउनुपर्छ। कहिलेकहीं यी कुराहरूका सम्बन्धमा हाम्रा आफ्नै विचारहरूलाई हामी महत्त्वपूर्ण बनाउन सक्छौं। हाम्रो बारेमा हामी आफैले विचार गरेको परमेश्वर चाहनुहुन्छ। तर उहाँको वचनको सत्यताद्वारा हाम्रा विचारहरूलाई हामीले जाँचेको पनि उहाँ चाहनुहुन्छ। जति नै असल सुनिए पनि परमेश्वरको वचनमा नभएको कुरा हामीले सिकाउनै हुँदैन।

येशूलाई चिन्नुचाहिँ सधैंको निम्ति आत्मिक जीवन पाउनु हो। त्यसैले त हाम्रो सन्देश महत्त्वपूर्ण छ भन्ने कुरा हामी महसूस गर्छौं।

**तपाईंको अभ्यासको निम्ति**

४ तल दिइएको प्रत्येक प्रश्नको निम्ति कोष्ठमा दिइएका उत्तरहरूमध्ये सबैभन्दा उत्तम उत्तर छानी खाली ठाउँमा लेख्नुहोस्।

**क.** तपाईंले बाइबललाई अध्ययन गर्नुहुँदा तपाईंको प्रवृत्ति कस्तो हुनुपर्छ? ........................................

(प्रश्नपूर्ण\प्रार्थनापूर्ण)

**ख.** पावलले प्रचार गर्दा र सिकाउँदा उनको सन्देश के थियो? ........................................

(उनका आफ्नै विचारहरू\येशूको बारेका सत्यता)

**ग.** परमेश्वरको वचनको सत्यता सिकाउनका लागि हामी असफल भयौं भने विश्वासीहरूलाई के हुन्छ?

........................................

(तिनीहरू वृद्धि हुन्छन्\तिनीहरू वृद्धि हुन सक्दैनन्)

## तपाईंको जीवनबाटको सन्देश

उद्देश्य २: *हाम्रो उदाहरणले अरूहरूलाई कसरी सिकाउन सक्छ व्याख्या गर्नुहोस्।*

शिक्षणको लक्ष्य हामीले सिकाएका व्यक्तिहरूका जीवनमा परिवर्तन देख्नु हो। चाहे तपाईंले तपाईंको परिवारलाई, तपाईंका मित्रहरूलाई, वा बाल-सङ्गति कक्षालाई शिक्षण दिनुभएको होस्, तपाईंले यस लक्ष्यलाई आफ्नो मनमा राख्नु आवश्यक छ। यसरी तपाईंले सिकाउनको निम्ति, तपाईंले सिकाउनुभएअनुसार तपाईं जिउनु पनि आवश्यक पर्छ। ख्रीष्टको आज्ञा पालन गर्नका लागि यदि तपाईं मानिसहरूलाई सिकाउन चाहनुहुन्छ भने, सबैभन्दा पहिले तपाईंले उहाँको आज्ञा पालन गर्नुपर्छ।

प्रशस्तै वास्तविकताहरू सिकेर अरूहरूलाई बताइदिने कुरा मात्र तपाईंको शिक्षण सेवामा पर्याप्त हुँदैन। त्योचाहिँ साँचो शिक्षण होइन। यदि तपाईं परमेश्वरको शक्तिद्वारा परिवर्तन हुनुभएको छैन भने, तपाईंले सिकाउनुभएका व्यक्तिहरू परिवर्तन हुन्छन् भनी तपाईंले आशा गर्न सक्नुहुन्न। परमेश्वरको वचनले तपाईंको जीवनलाई पनि परिवर्तन गरेको छ भन्ने सत्यताहरू ती मानिसहरूले देख्नु आवश्यक छ। जब तिनीहरूले यो देख्छन्, तिनीहरूका आफ्ना जीवनमा पनि यही नै कुरा भएको तिनीहरू चाहन्छन्।

> यसलाई हामी फिलिप्पी २:१५-१६-मा देख्न सक्छौं, "तिमीहरूले जीवनको वचन उनीहरूलाई दिँदा तिमीहरू उनीहरूका बीचमा आकाशका ताराझैँ चम्क।"

### तपाईंको अभ्यासको निम्ति

**५** तपाईंको शिक्षण सेवामा तपाईंको निम्ति कुनचाहिँ अति महत्त्वपूर्ण छ?

**क.** धेरै वास्तविकताहरूलाई सिकाउनुहोस्, यसरी तपाईंले सिकाएका व्यक्तिहरूले ती कुराहरूका बारेमा विचार गर्न सकुन्।

**ख.** येशूले कसरी जीवन परिवर्तन गर्नुहुन्छ भन्ने कुरालाई उदाहरण बनेर सिकाउनु।

**६** तपाईं आफू कसरी जिउनुभएको छ विचार गर्नुहोस्। के तपाईंको जीवनले दिने सन्देशले परिवर्तन हुनका निम्ति अरूहरूलाई सिकाउन सक्छ? यस पाठ्यपुस्तकलाई तपाईंले निरन्तररूपमा अध्ययन गरिरहनुहुँदा यस बारेमा पनि प्रार्थना गर्नुहोस्।

१ तिमोथी ४:११-१६-मा पावलले तिमोथीलाई दिएका निर्देशनहरूलाई पढ्नुहोस्। तिमोथीजस्तै हामी पनि जिउनु आवश्यक छ र यसरी हामीले सिकाएका व्यक्तिहरूका अगाडि हाम्रा जीवन उदाहरण बन्न सक्छन्। परमेश्वरको वचन जीवित छ भनी हामी भन्ने गर्छौं। यसको अर्थ यही नै हुन्छ कि हाम्रो जीवनमा परिवर्तन ल्याउनका लागि उहाँको वचनमा शक्ति छ। तर हामीले उहाँको वचनको आज्ञापालन र यसका प्रतिज्ञाहरूमा विश्वास गर्दा मात्र यो हुन्छ भनी हामीलाई थाहा छ।

शिक्षकको रूपमा परिवर्तन ल्याउनका लागि तपाईंले अगुवाको जिम्मेवारी पूरा गर्नुहुन्छ। यसो गर्नका लागि वचनले तपाईंलाई भनेका कुराहरू सम्बन्धी तपाईंका अनुभवहरूलाई तपाईंले बाँड्नु आवश्यक पर्छ। मेरो जीवनमा परिवर्तन ल्याउने यस पदलाई मैले बाँड्दा मलाई यो अनुभव भएको छ।

> किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मासंयमको आत्मा दिनुभएको छ (२ तिमोथी १:७)।

मेरो हृदय डरले भरिएका दिनहरूमा यस पदले मलाई सहायता गरेको थियो। आफ्नो रोगको कारण भविष्य सम्बन्धी डर लिएर बाँचेकी एक महिलालाई एक दिन मैले भेटें। मैले यो पद तिनका निम्ति पढ़िदिएँ र परमेश्वरले मलाई सान्त्वना दिनुभएझैं तिनलाई पनि सान्त्वना दिनुहुनेछ भनी मैले तिनको निम्ति प्रार्थना गरिदिएँ। मैले यस पदलाई तिनीसँग बाँड्दा, तिनले पनि परमेश्वरमा भरोसा राखिराख्ने सामर्थ्य पाईन्।



## तपाईंको अभ्यासको निम्ति

७ प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** अझै उमेर नपुगेको हुनाले सिकाउनको निम्ति तिमोथीले पर्खनुपर्ने थियो।

**ख.** उनको व्यवहार र बोली विश्वासीहरूका लागि उदाहरण हुनुपर्ने थियो।

**ग.** यदि तिमोथीले आफू र आफ्नो शिक्षालाई नियालेर हेरे भने उनका शिक्षा सुन्नेहरूले उनलाई आलोचना गर्थे।

**घ.** तिमोथीले आफूले सिकाएका कुराहरूलाई पनि व्यवहारमा लगाउनुपर्ने थियो।

**ङ.** यदि उनले परिवर्तित जीवन जिए भने उनका कुरा सुन्नेहरूका अगाडि उनी असल उदाहरण बन्न सक्छन्।

सिक्ने काम भएको छ भन्ने प्रमाणचाहिँ जीवनमा भएका परिवर्तनहरू हुन्। यी परिवर्तनहरूचाहिँ काम वा प्रवृत्तिद्वारा देखाइन्छन्। शिक्षणमा हाम्रो उद्देश्यचाहिँ हामीले सिकाएका व्यक्तिहरूका जीवनमा भएका परिवर्तनलाई देख्नु हो।

हाम्रो शिक्षण सेवामा हामीले गर्नैपर्ने पाँच थोकहरू यहाँ छन्:

१. *हामी विद्यार्थीहरूलाई के कुरा सिकाउन चाहन्छौं भन्ने कुरा सबैभन्दा पहिले हामीले उनीहरूलाई जानकारी दिनुपर्छ। हामीले सिकाउन चाहेका कुराचाहिँ* परमेश्वरको उद्धारको सन्देश हो।

२. *हामीले सन्देशलाई धेरैपल्ट दोहोऱ्याउनुपर्छ।* यसलाई सधैँभरि एकै किसिमले गर्नुपर्छ भन्ने छैन। उही सन्देशलाई विभिन्न तरीकाहरूद्वारा दिन सकिन्छ। हाम्रो अर्को पाठमा हामी शिक्षणका चार प्रणालीहरूलाई हेर्नेछौं।

३. *हाम्रो शिक्षण बुझिएको छ भन्ने कुरामा हामी निश्चित हुनुपर्छ।* विद्यार्थीहरूलाई ज्ञात भएका कुराहरूबाट शुरू गरी अज्ञात कुराहरूतर्फ बिस्तारै सिकाउनाले उनीहरूलाई बुझ्न सजिलो पर्छ।

४. *हाम्रो सन्देशमा विश्वास गर्नका लागि हामीले विद्यार्थीहरूलाई सहयोग पुऱ्याउनैपर्छ।* यस्तो शक्तिशाली किसिमले सिकाउनका लागि हामीलाई पवित्र आत्माको खाँचो पर्छ कि हामीले जस-जसलाई सिकाउँछौं तिनीहरूले सुनेको सन्देशको बारेमा तिनीहरूले केही गर्न सकून्।

५. *सिकेका सत्यताहरूलाई प्रयोग गर्नका लागि हामीले हाम्रा विद्यार्थीहरूलाई अगुवाइ गर्नैपर्छ।* दैनिक रूपमा यी सत्यताहरूलाई कसरी प्रयोग गर्न सकिन्छ भनी तपाईंले तिनीहरूलाई देखाउनुपर्छ। यसलाई चाहिँ तिनीहरूका जीवनमा सत्य प्रयोग गर्ने कुरा भनिन्छ। जब यो गरिन्छ, सिकारुको जीवन परिवर्तन हुन्छ।

*याकूबले यसलाई यसरी व्याख्या गरेका छन्*

तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ (याकूब १:२५)।

यदि मैले मेरी सानी छोरीलाई, त्यसलाई गर्नै नलगाई त्यसको जुत्ताको तुना बाँध्न सिकाएँ भने, मैले त्यसलाई सिकाउन कोशिश गरेको कुरा त्यसले सिक्न सक्दिन। यदि त्यसले आफ्नो जुत्ताको तुना बाँध्न आफैले अभ्यास गरी भने, त्यसले आफूले सिकेका कुरालाई *प्रयोग* गरेकी हुन्छे। यसरी नै हामी आत्मिक सत्यताहरू सिक्छौं र प्रयोग गर्छौं। परमेश्वरको वचनबाट सिकेका सत्यताहरूलाई हामी व्यवहारमा प्रयोग गर्छौं।

**तपाईंको अभ्यासको निम्ति**

**८** पाठमा नहेरीकनै, एक शिक्षकले कसरी सिकाउनुपर्छ भनी बताउने प्रत्येक वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. आफूले सिकाएअनुसार ऊ जिउँछ।
**ख**. ऊ आफूले भूल गरेका कुरा आफ्ना विद्यार्थीहरूले थाहा पाएको ऊ चाँहदैन।
**ग**. ऊ आफ्ना भूलहरूसहित आफ्ना अनुभवहरूलाई बाँड्छ।
**घ**. सन्देशको बारेमा भएका आफ्ना भावनाहरूलाई उसले बाँड्छ।
**ङ**. आफूले सिकाइसकेका कुराहरूलाई ऊ फेरि दोहोऱ्याउँदैन।
**च**. विद्यार्थीको जीवनमा सन्देशले कसरी काम गर्छ भनी उसले बताउँछ।

## सिकारुको निम्ति सन्देश

उद्देश्य ३: *विद्यार्थीले बुझ्ने गरी शिक्षकको सन्देशलाई कसरी सिकाइन्छ वर्णन गर्नुहोस्।*

### सन्देशलाई तयार पार्नु

यस पाठ्यपुस्तकमा पहिल्यै हामीले भनेझैं बाइबलचाहिँ ख्रीष्टियान शिक्षणको पाठ्यपुस्तक हो। यो सत्य भएको हुनाले बाइबलको बारेमा आफूले जान्न सक्ने जति कुरा एक शिक्षकले जान्नुपर्छ। यो सजिलो छैन। यसको निम्ति धेरै समय बिताउनुपर्छ। धेरै वर्षहरूको अध्ययनपछि पनि, जान्नुपर्ने सबै कुराहरू हामीले जानेका हुँदैनौं।

बाल-सङ्गति वा सण्डे-स्कूलका शिक्षकहरूसँग सिकाउनुपर्ने सन्देशको व्याख्या गरिएका पाठहरूसहितको पुस्तक हुन्छ। यो सहयोगपूर्ण हुन्छ। यदि तपाईंले आफ्नो पाठ तयार गर्नका लागि यस्तो पुस्तक प्रयोग गर्नुभयो भने, पाठमा दिइएका बाइबलका पदहरूलाई पनि तपाईंले ध्यानपूर्वक पढ्नुपर्छ। बाइबल कथामा भएका प्रत्येक व्यक्तिलाई हेर्नुहोस्। अझै असल ख्रीष्टियान जीवन जिउनका लागि तपाईं र तपाईंका विद्यार्थीहरूलाई सहायता पुऱ्याउन कथाका सत्यताहरूलाई प्रयोग गर्नुहोस्।

तपाईंले आफ्नो पाठको योजना बनाउनुहुँदा, तपाईंले सिकाउनुहुने व्यक्तिहरूका बारेमा पनि विचार पुऱ्याउनुपर्छ। यस पाठबाट सहायता पुऱ्याउन सकिने कस्ता किसिमका आवश्यकताहरू तिनीहरूका जीवनमा छन् त? यस प्रश्नको उत्तर दिने प्रयासले तपाईंको सन्देशलाई चाखलाग्दो तुल्याउने मात्र होइन तर तपाईंले सिकाउनुभएका व्यक्तिहरू तिनीहरूका आत्मिक जीवनमा वृद्धि हुनका लागि पनि यसले सहायता पुऱ्याउँछ।

हाम्रो सन्देशलाई तयारी गर्ने उत्तम तरीकाहरू सिक्नाले, यसले हाम्रो शिक्षण सेवामा पवित्र आत्माको कामलाई हराएको हुँदैन। उहाँका निम्ति अझै असल शिक्षकहरू बन्नका लागि सिक्न उहाँले हामीलाई सहायता गर्नुहुनेछ। पावलले तिमोथीलाई भनेका छन्ः

> शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर (२ तिमोथी २:१५)।

**सिकारुको भाषा बोल्नु**

सिक्न सजिलो छैन। तर सिकारुले जानिसकेको कुराबाट शुरू गरेर उसलाई नयाँ सत्यताहरूतिर लैजाँदा हामी उसलाई सजिलोसँग सिकाउन सक्छौं। यसो गर्दा, नयाँ सत्यताहरू व्याख्या गर्न प्रयोग गरिएका शब्दहरूका बारेमा हामी होशियारी हुनुपर्छ।

हामीले सिकाउन चाहेका सत्यताहरूलाई व्यक्त गर्नका लागि हामी हाम्रो भाषा वा शब्दहरूका प्रयोग गर्छौं। हामीले भनेका कुराहरू त हामी बुझ्छौं, तर हामीले सिकाएको व्यक्तिले चाहिँ कहिलेकहीँ बुझ्दैन। ख्रीष्टियान शिक्षणमा केही विशेष शब्दहरू प्रयोग गरिएका हुन्छन्, जसले हामीले विश्वास गरेका कुरालाई व्याख्या गर्छन्। अख्रीष्टियानहरूले हामीले जस्तै यी शब्दहरूलाई सधैं बुझ्दैनन्।

केही समय पहिलेको कुरा हो, मैले एक सानो झूण्डलाई सिकाउँदै थिएँ र हामीसँग विश्वास हुनुपर्छ भन्ने बारेमा बताएँ। "विश्वास भनेको के हो?" भनी एक जना स्त्रीले प्रश्न गरिन्। किनकि हामीले भनेका कुरा तिनले बुझिनन्। हामीले व्याख्या गरिदियौं कि हाम्रा स्वाभाविक जीवनमा हामीले गर्ने धेरै कुराहरूमा विश्वास चाहिन्छ। विश्वासचाहिँ कसैले वा केही

थोकले यो गर्छ नै भनी भरोसा राख्नु हो। हरेक पल्ट जब हामी कुनै मेचमा बस्छौं, त्यस मेचले हामीलाई थाम्न सक्छ भनी हामी विश्वास गर्छौं। अनि परमेश्वरमा विश्वास राख्नु भनेको अर्थ परमेश्वरले गर्छु भन्नुभएको काम उहाँले गर्नुहुन्छ भनी उहाँमा विश्वास राख्नु हो।

सिकारुको भाषा जान्नु महत्त्वपूर्ण छ। हाम्रा विद्यार्थीहरूले नजानेको शब्द हामीहरूले प्रयोग गर्नुपऱ्यो भने, हामीले त्यस शब्दको अर्थलाई पनि व्याख्या गरिदिनुपर्छ। यस किसिमको होशियारपूर्ण शिक्षण केटाकेटीहरू र बाइबलसँग परिचित नभएका व्यक्तिहरूका निम्ति विशेष आवश्यक पर्छ। यदि हामीलाई ती व्यक्तिहरूको भाषाको स्तर थाहा छ भने, तिनीहरूले बुझ्न सक्ने शब्दहरू हामी प्रयोग गर्न सक्छौं। तब हामी तिनीहरूका हृदय र जीवनमा परमेश्वरको सत्यतालाई राख्न सक्ने हुन्छौं।

प्रत्येक सिकारुले बाइबलका पदहरूमा पढेका शब्दहरूका अर्थलाई बुझेको छ वा छैन भन्ने कुरा जान्नु पनि महत्त्वपूर्ण छ। यो गर्नका लागि समय लाग्छ, तर यदि उसले बुझेन भने, तपाईंले सिकाउन कोशिश गर्नुभएको सन्देश उसले नबुझ्न सक्छ।

### तपाईंको अभ्यासको निम्ति

सबैभन्दा उत्तम उत्तरहरू छानेर तलका बयानहरूलाई पूरा गर्नुहोस्। तपाईं एकभन्दा बढ़ी उत्तर छान्न सक्नुहुन्छ।

**६** सिकारुले तपाईंको सन्देशलाई अझै राम्रोसँग बुझ्न सकेको होस् भनी उसलाई सहयोग पुऱ्याउन

**क**. पाठले वास्तवमा भनेका कुराहरू विचार गर्नुहोस्।

**ख**. उसका आवश्यकताहरूका बारेमा विचार गर्नुहोस्।

**ग**. उसले कुन बाइबल प्रयोग गरेको छ, विचार गर्नुहोस्।
**घ**. माथिका सबै ठीक।

**१०** तपाईंको सन्देश तयारी गर्नका लागि उत्तम तरीकाहरू सिक्नाले
**क**. अझै चाखलाग्दो बनाउनका निम्ति यसले तपाईंलाई सहयोग पुऱ्याउँछ।
**ख**. यसले धेरै समय लिन्छ।
**ग**. बुझ्नका लागि यसले कठिन बनाउँछ।

**११** सिकारुको भाषा बोल्नुको अर्थ हुन्छ
**क**. सबै कुराहरू व्याख्या गर्नलाई रोक्नु।
**ख**. उसलाई कथाहरू भन्न लगाउनु।
**ग**. उसको भाषाको स्तर र ख्रीष्टियान परिपक्वतालाई जान्नु।

**१२** तपाईंको शिक्षण सेवामा तपाईंले सिकाइसक्नुभएका व्यक्तिहरूका बारेमा विचार गर्नुहोस्। तपाईंले व्याख्या गरिदिनुपर्ने शब्दहरूलाई के तपाईंले प्रयोग गर्नुभयो? तपाईंको सन्देश बुझ्नलाई तिनीहरूलाई सहायता पुऱ्याउनका निम्ति आफ्ना विद्यार्थीहरूलाई परिभाषा दिनका लागि के तपाईं तयारी हुनुभएको थियो? .................................
..................................................................

सिकाउनका लागि तपाईंलाई मौका मिल्दा पाठ तयारी गर्ने प्रक्रियाको सम्बन्धमा आफैलाई याद दिलाउनको निम्ति तलको सूचीलाई प्रयोग गर्नुहोस्। सूचीमा भएका कुराहरूलाई तपाईंले पूरा गर्दै जानुहुँदा प्रत्येकमा चिनो लगाउनुहोस्।

*पाठ तयारी गर्नका लागि अपनाइने कदमहरू*

१. पाठलाई बुझ्नको निम्ति प्रार्थना गर्नुहोस्।
२. प्रत्येक पाठको निम्ति बाइबलका पदहरूलाई पढ्नुहोस्।
३. पाठ्यपुस्तकलाई पुस्तकलाई पढ्नुहोस्।
४. तपाईं आफैले पनि पालन गर्नुपर्ने पाठमा उल्लेखित सत्यताहरूलाई पढ्नुहोस्।
५. यस पाठले सहयोग पुऱ्याउन सक्ने तपाईंका विद्यार्थीहरूका आवश्यकताहरूलाई लेख्नुहोस्।
६. प्रत्येक विद्यार्थी र उसको खाँचोको निम्ति प्रार्थना गर्नुहोस्।
७. विद्यार्थीले बुझ्न नसक्ने पाठमा उल्लेखित शब्दहरूको सूची बनाउनुहोस्।
८. प्रत्येक शब्दको अर्थ खोजेर भेट्टाई यसलाई लेख्नुहोस्।
९. तपाईंले सिकाउन चाहनुभएको कुराको रूपरेखा बनाउनुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१२ तपाईंको उत्तर।

१ ग) पुनरुत्थानको बारेको सत्यता प्रस्तुत गर्छ।

११ ग) उसको भाषाको स्तर र ख्रीष्टियान परिपक्वतालाई जान्नु।

२ ख) उसले मानिसहरूलाई परमेश्वरको सत्यतामा ल्याउँछ।

१० क) अझै चाखलाग्दो बनाउनका निम्ति यसले तपाईंलाई सहयोग पुऱ्याउँछ।

३ ग) मानिसहरूले कसरी येशूमा नयाँ जीवन प्राप्त गर्न सक्छन्।

६ घ) माथिका सबै ठीक

४ क प्रार्थनापूर्ण
ख येशूको बारेको सत्यता
ग तिनीहरू वृद्धि हुन सक्दैनन्।

८ क ठीक
ख बेठीक
ग ठीक
घ ठीक
ङ बेठीक
च ठीक

५ ख) येशूले कसरी जीवन परिवर्तन गर्नुहुन्छ भन्ने कुरालाई उदाहरण बनेर सिकाउनु।

७ क बेठीक
ख ठीक
ग बेठीक
घ ठीक
ङ ठीक

६ तपाईंको उत्तर